बैठक संख्या: १०।२०८२-२०८३
बैठक मिति:२०८२।०६।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०६।३१ गते शुक्रवार दिनको १:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: १०।२०८२-२०८३
बैठक मिति:२०८२।०६।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री दुर्गेश कुमार विश्वकर्मा | प्रशासन शाखा प्रमुख | |
| ३ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ४ | | | |
| ५ | | | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १: फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

२. प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकाको बजार क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्नका लागि झुम्का उद्योग वाणिज्य सङ्घसँग छलफल गरी फोहरमैलाको दिगो व्यवस्थापनका लागि आवश्यक उपायहरू पहिचान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(क)**

रामधुनी नगरपालिका आ.व. २०८१/०८२ का तपसिल बमोजिमका योजनाहरू समयमा सम्पन्न हुन नसकेको हुँदा मिति २०८२।०३।२० गतेको नगरसभा अधिवेशनबाट २०८२ असोज मसान्तसम्म पहिलो पटक म्याद थप गरिएकोमा, वर्षा तथा अन्य विविध कारणले निर्माण व्यवसायीहरूले पहिलो पटक थपिएको म्यादभित्र समेत योजना सम्पन्न गर्न नसकेको भनी पुनः म्याद थपका लागि माग निवेदन पेश गरेकोले देहाय बमोजिमका योजनाहरूको अन्तिम पटकका लागि २०८२ पुष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

बैठक संख्या: १०।२०८२-२०८३
बैठक मिति:२०८२।०६।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

तपसिलः

१. RMY I NCB I 23 I 081 I 082 Ramdhhuni Mandir Paryatakiya Kshetra Nirman - Shreejal Nirman Sewa, Ramdhuni Sunsari.

२.RMY I NCB I 25 I 081 I 082 Construction of Blacktopped roads of ramdhuni municipality ward no 1 to 9 - शिब दुति निर्माण सेवा, रामधुनी -५, सुनसरी ।

३. RMY I NCB I 27 I 081 I 082 JhumkaDhamaura jane Bato Purushottam lamsal ko ghar hudai dhamaura jane Bato kalopatre, ashok pandit ko ghar dekhi bhuneshwor chaudhary ko ghar samma RCC Dhalan, Adarsha School Jane Bato RCC Dhalan- अमाहा जलकन्या कन्ट्रक्शन प्रा.लि. बराहक्षेत्र न.पा. ५ सुनसरी ।

निर्णय नं.२(ख)

रामधुनी नगरपालिकाको कार्यसञ्चालनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न रामधुनी नगरपालिका विधायन सिमितिको विभिन्न बैठकको निर्णय अनुसार देहायका कार्यविधी पारित गरी स्वीकृतिका लागि रामधुनी नगरपालिका नगर कार्यपालिका बैठक समक्ष पेश गरेको हुँदा उक्त कार्यविधिहरु सर्वसम्मतिले पारित गरियो ।

देहाय

क) टोल विकास संस्था सञ्जाल (गठन र सञ्चालन ) सम्बन्धी कार्यविधि २०८२

ख) घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०८२

ग) स्वास्थ्य बिमा शुल्कमा अनुदान दिने कार्यविधी २०८२

बैठक संख्या: १०।२०८२-२०८३
बैठक मिति:२०८२।०६।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(ग)

रामधुनी न.पा. वडा नं. ५ को च.नं. मिति २०८२।०६। गतेको प्राप्त पत्रानुसार उक्त वडाको बयरवन टोलमा रहेको कल्भर्ट मिति २०८२।०६।१८ गतेबाट देशै भरि आएको अविरल वर्षाका कारण उक्त कल्भर्टमा क्षति पुगेको हुँदा रामधुनी न.पा. को विपद् ब्यवस्थापन शिर्षकवाट खर्च हुने गरि प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ३३,२०१।- उक्त कलभर्ट मर्मत पश्चात प्राविधिक मुल्याङ्कन बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.२(घ)

रामधुनी नगरपालिका बाट सञ्चालित वारूण यन्त्रलाई पूर्ण रूपमा नगर प्रहरी अन्तर्गत राखी नगर प्रहरीबाटै सञ्चालन गर्ने, सो कार्यका लागि हाल कार्यरत वारूण यन्त्र चालक विसो कुमार गच्छेदार तथा थप चालकका रूपमा श्रीराम चौधरीलाई खटाउने र अन्य कार्यरत कर्मचारीहरूलाई वारूण यन्त्रसंम्वन्धी कुनै थप कामकाज नलगाउने निर्णय गरियो।

निर्णय नं.२(ङ)

झुम्का खानेपानी तथा सर-सफाई मूल उपभोक्ता समिति रामधुनी न.पा. ३, झुम्का सुनसरी को च.न. २४ मिति २०८२।०५।१९ गतेको पाप्त पत्रमा माग भए बमोजिम झुम्का खानेपानी तथा सरसफाई मूल उपभोक्ता समिति र नगर विकास कोष नयाँ वानेश्वर काठमाडौं बीच मिति २०७८।०९।०८ गते भएको सम्झौता वमोजिम आयोजना निर्माणका लागि अपुग रकम थप सहुलियत ऋण लिन नगर विकास कोष नयाँ बानेश्वर काठमाडौं लाई सिफारिस गर्ने र ऋण सम्झौताका लागि नगरपालिका धनजमानी वस्ने साथै मूल उपभोक्ता समिति र नगर विकास कोष विच हुने सम्झौतामा जमानत वस्न रामधुनी नगरपालिकाको तर्फ बाट नगर प्रमुख श्री संकरलाल चौधरी लाई अख्तियारी दिने निर्णय गरियो ।

बैठक संख्या: १०।२०८२-२०८३
बैठक मिति:२०८२।०६।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(च)

रामधुनी नगरपालिका वडा नं. ७ का पत्र संख्या ५०६, ५०७, ५०९ र ५१०, मिति २०८२।०६।३१ अनुसार रामधुनी नगरपालिका वडा नं. ७ स्थायी ठेगाना भएका तपसिलका व्यक्तिहरूको धानबालीमा जङ्गली हात्तीको समूहले क्षति पुऱ्याएको हुँदा सो क्षतिपूर्ति रकम रामधुनी नगरपालिकाको विपद् व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी तपसिल बमोजिम रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो।

तपसिलः

१. पूर्ण माया दाहाल लाई रकम रू १०,०००।-

२. दिपक कार्की लाई रकम रू १०,०००।-

३. कस्टु चौधरीले लाई रकम रू १०,०००।-

४. हर्क राज राई लाई रकम रु १०,०००।-

निर्णय नं.२(छ)

रामधुनी न.पा. वडा नं. ४ को सिन्धुली टोल र अन्य बाटोहरुमा वर्षाका कारण बाटो बिग्रिएर खाल्डा खुल्डी परेको हुँदा रामधुनी नगरपालिकाको मर्मत संम्बार शिर्षकबाट खर्च हुने गरि रकम रू ६५,०००। भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.२(ज)

SAI HOSPITAL PVT.LTD, Ramdhuni -5 अस्पताल नविकरणको लागि प्राविधिक कारणले ढिलो भएको भनि माग निवेदन पेश गरेकाले रामधुनी नगरपालिकाको कानुन बमोजिम गर्न स्वास्थ्य शाखा लाई निर्देशन गर्ने निर्णय गरियो ।

बैठक संख्या: १०।२०८२-२०८३
बैठक मिति:२०८२।०६।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(झ)**

रामधुनी न.पा. वडा नं २ बस्ने देव नारायण चौधरीको माग निवेदन अनुसार निजको छोरा दिनेश कुमार चौधरीको मिति २०८२।०६।२५ गते अज्ञात समुह द्वारा हत्या भएको हुँदा निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले रामधुनी नगरपालिकाको आर्थिक सहायता शिर्षक बाट खर्च हुने गरि रकम रु १५,०००।- काज क्रिया खर्चका लागि आर्थिक सहयोग गर्ने निर्णय गरियो ।